मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकूद शाखा

रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

प.स. २०७४/२०७५ (शिक्षा)
च.न. ७६

मिति : २०७५।३।३१

**सम्बन्धित सबै ।**

**विषय : विज्ञापन प्रकाशन गरिएको बारे ।**

प्रस्तुत विषयमा यस मुसिकोट नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा आव २०७५।०७६ को लागि नगरपालिकाको स्रोतबाट पारिश्रमिक उपलब्ध गराउने गरी तपसिल बमोजिम शिक्षक व्यवस्थापन गर्नुपर्ने भएकोले योग्य उम्मेदवारहरुले आफ्ना प्रमाणपत्रका प्रतिलिपी सहित नगरपालिकाबाट निर्धारण गरिएको फाराम भरी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र मुसिकोट नगरपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकूद शाखामा दरखास्त फारम पेश गर्नको लागि नगर शिक्षा समितिको मिति २०७५।३।३१ को निर्णय अनुसार तपसिल अनुसारको विज्ञापन/सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सिन | तह | संख्या | | | विषय | | | | | पारिश्रमिक (मासिक) | चाडपर्व खर्च (बार्षिक) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.प्र. | खुला | | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | | |
| | | | खुला | महिला | | | | | | | |
| १ | प्राथमिक | २४ | १० | ६ | - | - | - | - | - | १४,०००/- | १४,०००/- |
| २ | निम्न माध्यमिक | ९ | ६ | - | १ | ३ | ५ | ६ | - | १५,०००/- | १५,०००/- |
| ३ | माध्यमिक | - | ९ | - | १ | १ | ३ | ३ | १ | २०,०००/- | २०,०००/- |

**उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता**

- प्राथमिक र निम्न माध्यमिकको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, माध्यमिकको लागि सम्बन्धित विषयमा स्नातक गरेको,
- सम्बन्धित तह वा माथिल्लो तहको स्थायी अध्यापन अनुमतिपत्र,
- नेपाली नागरिक,
- दरखास्त फाराम बुझाउने अन्तिम मिति २०७५ साउन १३ गतेसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । तर कार्यरत शिक्षकको हकमा उमेरको हद लाग्ने छैन ।

उम्मेद्वारले अनिवार्य रूपले पेश गर्नु पर्ने कागजातहरू

- नगरपालिकाद्वारा स्वीकृत गरिएको दरखास्त फाराम
- परीक्षा दस्तुर वापतको रकम प्राविको लागि रु.५००।-, निमाविको लागि रु.७००।- र माविको लागि रु.१०००।- बुझाएको नगदी रसिद । खुला, महिला र आन्तरिक समूहमा सहभागी हुन चाहनेले प्रति समूह थप रु.५०० बुझाएको रसिद ।

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

उम्मेद्वार हुनको लागि तोकिएका कागजातहरू

- आन्तरिकमा प्रतिस्पर्धा गर्ने कार्यरत शिक्षकको हकमा २०७४ साल चैत्र मसान्त अघि विद्यालयको स्रोतबाट त.भ. खानेगारी नियुक्ति भइ हालसम्म अविच्छिन्न कार्यरत रहेको सम्बन्धित विद्यालयको लेटरप्याडमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षले हस्ताक्षर गरेको सेवा अवधि खुलेको सक्कलै पत्र र शुरु नियुक्तिको प्रतिलिपी । साथै कार्यरतको हकमा पनि हालको आवश्यक न्युनतम योग्यता हुनुपर्ने ।

पुनश्च :

- दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।
- दरखास्त फाराममा उल्लेखित विवरणहरु भरी साधारण फाइलमा उम्मेदवारको नाम, थर, तह, खुला, आन्तरिक, विषय समेत लेखी तोकिएका कागजातहरू नत्थी गरी पञ्जिका सहित बुझाउनु पर्नेछ ।
- परीक्षाको किसिम : (क) लिखित परीक्षा (ख) अन्तर्वार्ता
- दरखास्त फाराम पेस गर्ने अन्तिम मिति : २०७५ साउन १३ गतेसम्म । दोव्वर दस्तुर तिरी फाराम भर्ने व्यवस्था गरिएको छैन ।
- लिखित परीक्षा हुने मिति : २०७५ साउन १९ गते शनिवार दिनको १.३० वजे
- परीक्षा केन्द्र : यमुना नन्द नमुना माध्यमिक विद्यालय, मुनपा ५, सेरीगाउं रुकुम (पश्चिम)
- अन्तरवार्ताको मिति र स्थान : मिति २०७५ साल साउन २६ गते शनिवारदेखि मुसिकोट नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) ।
- एउटै परीक्षा मार्फत खुला, आप्र र महिलाको कोटामा छनौट गरिनेछ ।
- कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन ।
- कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेस गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुनसुकै वखत रद्द गरी कानुन बमोजिम कारवाही गरिने छ ।
- आन्तरिक र महिला कोटामा कोटा अनुसारका उम्मेदवार नभएमा वा छनौट हुन नसकेमा उक्त कोटामा पनि खुला प्रतियोगिताबाट उत्तीर्ण उम्मेदवारलाइ नियुक्ति गरिनेछ ।
- उम्मेदवारहरु यस विज्ञापनमा उल्लेख भएका कुराहरुको अतिरिक्त प्रचलित ऐन, नियम र शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
- दरखास्त फाराम मुसिकोट नगरपालिकाको वेबसाइट www.musikotmunrukum.gov.np र पाठ्यक्रम शिक्षक सेवा आयोगको वेबसाइट www.tsc. gov.np बाट डाउनलोड गर्न सकिने छ ।

... ... ... ... ... ..
(बिनाराम खड्का)
शिक्षा अधिकृत

बिनाराम खड्का
शिक्षा अधिकृत